# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड :२ संख्या : १० साउन ४ गते ,सोमबार२०७५ ,**

**भाग-२**

# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि—२०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०४/०२

प्रस्तावना:

स्थानीय सरकार संचालन ऐन-२०७४ को परिच्छेद-१० दफा ७० बमोजिम यस रेसुङ्गा नगरपालिकाको स्थानीय संचित कोषबाट केहि रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गरी स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यस नगरकार्यपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक आकस्मिक कोष वाञ्छनिय भएकोले यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ रहेको छ ।

१.२ यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा**

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ भन्ने बुझ्नुपर्छ ।

ख. "कोष" भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. "कार्यपालिका" भन्नाले नगरकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढि, पहिरो, आगलागि, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दीर्घरोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

**३. कोष स्थापना**

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन नाम गरेको एक कोषको स्थापना हुनेछ ।

४. आकस्मिक कोषमा जम्मा गरिएको रकम

४.१ नगरपालिकाको संचित कोषबाट आकस्मिक कोषमा रकम जम्मा गरिने छ ।

परिच्छेद २

कोषको अवधारणा, लक्ष्य, उद्देश्य

**५. अवधारणा**

रेसुङ्गा नगरपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृर्जित विपदबाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा पनि अंगभंग भएकाहरुलाई पहिचान गरी राहत सहयोग पुऱ्याउन कोषको स्थापना गरिनेछ ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरी मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

७.१ विपद पीडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

परिच्छेद ३

कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

**८. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था**

८.१. बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकमखर्च गर्न सकिने छैन ।

(८.२) आकस्मिक कोषमा देहायको रकम जम्मा गरिनेछ ः–

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मिक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मिक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत)को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(८.३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(८.४) आकस्मिक कोष सम्बन्धी अन्य व्यवस्था नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

परिच्छेद ४

## विविध

### ९. आकस्मिक कोषको रकम वृद्धिगर्न सक्ने

नगरपालिकाले नगरसभाबाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

### १०. जाँचपास तथा फरफारक

कोष बाटखर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

### ११. कार्यविधिको संशोधन

यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

### १२. बचाउ र खारेजी

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीयतहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुनसंग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिनेछ ।

ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा नगरकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व नगरकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

आज्ञाले,
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत